**<u>नगर कार्यपालिकाको मिति २०७४।०६।२० को बैठकका प्रस्ताव तथा निर्णयहरु :</u>**

१) रिपोर्टिङ

२) आसन्न नगरसभाको तयारी सम्बन्धमा ।

३) विविध

(क) बजेट विनियोजनको लागि प्राथमिकताको क्षेत्र निर्धारण गर्ने सम्बन्धमा ।
(ख) विषयगत समितिहरुको संयोजक र सदस्य तोक्ने सम्बन्धमा ।
(ग) बजेट शिर्षकगत सिमा निर्धारण सम्बन्धमा ।

**<u>निर्णयहरु :</u>**

**निर्णय नं. १**

प्रस्ताव नं. (१) माथि छलफल हुँदा सबै वडा कार्यालयबाट भए गरेका काम कार्वाही र सेवा प्रवाहको विषयमा सम्बन्धित वडा अध्यक्षहरुद्वारा कार्य सम्पादन प्रतिवेदन (रिपोर्टिङ) प्रस्तुत भयो । यस अवधिमा चालु आ.व.को योजना तथा कार्यक्रम प्राथमिकिकरण गरी नगर कार्यपालिकाको कार्यालयमा पेश गरिएको, आवधिक नगर विकास योजना तर्जुमाको लागि काठमाण्डौंमा सम्पन्न भएको परामर्शदायी गोष्ठीमा सहभागी भएको, स्थानीय सडक मर्मत, बजार अनुगमन, प्रथम किस्ताको सामाजिक सुरक्षा भत्ता वितरण गरिएको, व्यक्तिगत घटना दर्ता, सिफारिस तथा प्रमाणित, अनुगमन तथा निरिक्षण र कार्यालय सञ्चालन लगायतका विषयमा प्रतिवेदन पेश भयो । नगरपालिकाको आवधिक नगर विकास योजना तर्जुमा गर्नका परामर्शदायी अन्तरक्रिया/गोष्ठी सफलतापूर्वक सम्पन्न भएको, दित्तेलमा सपिङ कम्प्लेक्स निर्माणको लागि नगर विकास कोषसंग सघन छलफल गरी बजेटको व्यवस्था मिलाउन सफल भएको, मध्यपहाडी लोकमार्ग र अन्य शाखा सडकहरुलाई सुचारु गर्नका लागि सरोकारवालाहरुसंग समन्वय गरिएको प्रतिवेदन नगर प्रमूखबाट बैठकमा प्रस्तुत भयो ।

**निर्णय नं. २**

प्रस्ताव नं. (२) माथि छलफल हुँदा यस रुपाकोट मझुवागढी नगरपालिकाको चालु आ.व.२०७४।०७५ को नीति, कार्यक्रम तथा बजेट प्रस्तुत गर्ने उद्धेश्यले यहि मिति २०७४।०६।२५ गते आयोजना गरिने प्रथम नगरसभाको कार्यतालिका देहाय बमोजिम हुने निर्णय गरियो ।

१) नगरसभा उद्घाटन कार्यक्रम २०७४।०६।२५ गते विहान १० बजे (सय दिनको उपलब्धि प्रस्तुती गर्ने) स्थान : समिक्षालय हल, जिसस, खोटाङ
२) नगरसभा बन्दसत्र २०७४।०६।२६ गते विहान ८ बजे, स्थान : समिक्षालय हल, जिसस, खोटाङ
कार्यसूची देहाय बमोजिम हुने :
सुन्य समय
गत आ.व.को समिक्षा
विशेष महत्वको प्रस्ताव प्रस्तुती
चालु आ.व.को नीति तथा कार्यक्रम प्रस्तुती
बजेट प्रस्तुती र पारित
आर्थिक ऐन प्रस्तुती
विनियोजन ऐन प्रस्तुती
समापण ।
माथि उल्लिखित कार्यक्रमको रुपाकोट, हलेसी र हिमाल एफ.एम.बाट प्रत्यक्ष प्रशारण गर्ने समेत निर्णय गरियो ।

## निर्णय नं. ३

प्रस्ताव नं. (३) अन्तर्गत छलफल हुँदा देहाय बमोजिम निर्णय गरियो ।

***(क) चालु आ.व.२०७४।०७५ मा यस नगरपालिकाको देहाय बमोजिमको प्राथमिकताका क्षेत्रहरुमा बजेट विनियोजनको लागि विषयगत समिति र बजेट तथा कार्यक्रम तर्जुमा समितिले छलफल गर्ने निर्णय गरियो ।***

**१. सडक स्तरोन्नति तर्फ :**

- हुर्लुङ, जालपा, ऐसेलुखर्क/बाक्सिला सडक
- दिक्तेल, तालखर्क खार्मी सडक
- दिक्तेल, तालखर्क पाथेका सडक
- दिक्तेल, नेर्पा, दुम्ली हुँदै रतन्छा जाने सडक
- अस्पताल चोक, लफ्याङ हुँदै मात्तिम जाने सडक
- अस्पताल चोक, लफ्याङ, चुहाबोटे दोभान हुँदै ल्यान्डफिल साईड जाने सडक
- अस्पताल चोक दुम्ली हुँदै रतन्छा जाने सडक
- वैंक चोक, कट्टी वुईपा बसेरी, विजयखर्क हुँदै रेग्मीटार जाने सडक

**२. पर्यटन प्रवद्धन तर्फ :**

- नेर्पा भुलभुले पर्यटन विकास
- देविथान मझुवागढी पर्यटन विकास
- रुपाकोट डाँडा पर्यटन विकास
- तिप्सालुम्चुङडाँडामा किरात सामुहिक चुल्हो सहित फ्रि वाई फाई जोन
- नेवारे, साप्सुधाप पर्यटकीय सडक निर्माण

**३. भौतिक पूर्वाधार तर्फ (वसपार्क) :**

- सोल्मा वसपार्क व्यवस्थापन
- आचार्य गाँऊ वसपार्क व्यवस्थापन

**४. लक्षित कार्यक्रम तर्फ :**

- आदीवासी जनजाति गुरुयोजना कार्यान्वयन
- महिला, वालवालिका, दलित, आपाङ्ग, जेष्ठ नागरीक विकास कार्यक्रम

**५. खेलकुद विकास तर्फ :**

- कभर्ड हल निर्माण
- अन्तर्राष्ट्रिय कराते प्रतियोगिता आयोजना

**६. आय आर्जन कार्यक्रम तर्फ :**

- पञ्चे दोवाटो वजार व्यवस्थापन वुईपा

**७. सौर्य उर्जा तथा विद्युतिकरण तर्फ :**

- १५ वटै वडाका मुख्य स्थानमा सौर्य सडक वत्ति
- आईरन पोल

**८. खानेपानी तर्फ :**

- दिक्तेल बजार खानेपानी आयोजना

**९. सञ्चार तर्फ :**

- खार्मी वाझोवारी टेलिफोन टावर (सिफारीस गर्ने)
- जालपा टेलिफोन टावर (सिफारीस गर्ने)
- आहाल डाँडा टेलिफोन टावर, वडा नं. ८ (सिफारीस गर्ने)
- मझुवागढीमा टेलिफोन टावर (सिफारिस गर्ने)

(ख) रुपाकोट मझुवागढी नगर कार्यपालिका (कार्यसम्पादन) नियमावली, २०७४ बमोजिम यस नगरपालिकामा रहने विषयगत समितिहरुका अध्यक्ष र सदस्यहरु नगर कार्यपालिकाका सदस्यहरुसंगको सामान्य छलफल र परामर्शको आधारमा सम्बन्धित सदस्यमा निहित विषय विज्ञता, अनुभव, ज्ञान र रुचीचाहनालाई ध्यानमा राखी नगर प्रमुख र उपप्रमुखले तोक्ने निर्णय गरियो ।

(ग) आसन्न नगरसभामा यस नगरपालिकाको चालु आ.व.को बजेट शिर्षकगत प्रारम्भिक सिमा देहाय बमोजिम हुने निर्णय गरियो ।

| | विवरण | क्षेत्रगत रकम | कुल जम्मा रकम |
|---|---|---|---|
| आन्तरीक आय | | | २,५००,००० |
| राजस्व बाँडफाँड बाट प्राप्त आय | | | ३,०००,००० |
| वित्तीय समानिकरण (केन्द्रिय) | | | २८६,५३०,००० |
| सशर्त अनुदान (स्वास्थ्य, शिक्षा, कृषि र पशु) | | | १९८,८१४,००० |
| लागत सहभागिता | | | |
| **कुल आय** | | - | **४९०,८४४,०००** |
| **वार्षिक अनुमानित व्यय** | | | |
| **विवरण** | | **क्षेत्रगत रकम** | **कुल जम्मा रकम** |
| **चालु खर्च** | | | ७०,०००,०००।०० |
| **समपुरक कोष** | | | ५०,०००,०००।०० |
| **विषेश कोष** | | | १०,०००,०००।०० |
| ३.१ | कर्मचारी कल्याण कोष | १,५००,०००।०० | |
| ३.२ | मर्मत संभार विशेष कोष | ३,०००,०००।०० | |

| | | | |
|---|---|---|---|
| ३.३ | महिला, वालवालिका तथा समाजिक समावेशीकरण विशेष कोष | १,५००,०००।०० | |
| ३.४ | विपद् व्यवस्थापन विशेष कोष | ३,०००,०००।०० | |
| ३.५ | वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन कोष | १,०००,०००।०० | |
| वडागत वजेट सिलिङ | | | ५७,५६०,०००।०० |
| वडागत ठूला पूर्वाधार थप वजेट | | | २२,५००,०००।०० |
| **विषयगत मन्त्रालय अन्तरगतका कार्यक्रम** | | | **४५,०००,०००।००** |
| **पशु सेवा** | | २,९९०,०००।०० | |
| **कृषि कार्यक्रम** | | **१०,०६४,०००।००** | |
| **खानेपानी** | | ६,१०६,०००।०० | |
| **पर्यटन** | | ७,६००,०००।०० | |
| **संस्थागत विकास तथा सेवा प्रवाह** | | | **१०,०००,०००।००** |
| **वित्तिय व्यवस्थापन र सुशासन** | | | |
| **सशर्त अनुदान (स्वास्थ्य, शिक्षा, कृषि र पशु)** | | | **१९८,८१४,०००।००** |
| **लागत सहभागिता** | | | |
| | **४६३,८७४,०००।००** | | |
| | | | २६,९७०,०००.०० |